नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष २९ अंक १६५ २०७६ साल माघ १५ गते बुधबार (29 Jan. 2020 Wednesday) मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- जबर्जस्ती करणी गरी ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- क्रुर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- सार्वजनिक रुपमा उपभोग हुने पेय वा खाद्य पदार्थमा विष हाली ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : पर्यटकलाई पृथकरुपमा ... ३ पृष्ठमा : स्वरोजगारले समेत नागरिक.. ३ पृष्ठमा : चीनमा १०६ को मृत्यु ...

# पहिलो पटक जनमत पार्टीले गृह जिल्लामा आमसभा गर्दै



**दैनिक समाचारदाता**
**राजविराज, १४ माघ ।**

सरकारसँग ११ बुँदे सहमति गरेर झण्डै एघार महिनापछि पहिलो पटक आफ्नो गृह जिल्ला सप्तरीमा जनमत पार्टीले माघ १८ गते शक्ती प्रर्दशनसहित विशाल आमसभा गर्ने तयारी गरेको छ ।

स्वतन्त्र मधेश गठबन्धन मार्फत निर्वाचन वहिष्कार र अलग देशको माग गर्दै आएका सिके राउतले सरकारसँग गत २४ फागुणमा ११ बुंदे सहमती गरेपछि पहिलो पटक गृहजिल्लामा आमसभा गर्न लागेका हो ।

शक्ती प्रर्दशनसहित विशाल आमसभाको तयारी बारे मंगलबार राजविराजस्थित पार्टी कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा सो जानकारी दिइएको हो ।

जनमत पार्टीका केन्द्रिय अध्यक्ष डा.सिके राउतको गृह जिल्ला समेत रहेको सप्तरीमा ठुलो संख्यामा जनता आउने दावी गरिएको छ ।

पत्रकार सम्मेलनमा पार्टीका बरिष्ठ नेतृत्व मण्डलका सदस्य एवं पुर्व मन्त्री अनिस अन्सारीले शक्ती प्रर्दशन र आमसभामा ५० हजार भन्दा बढी स्थानीय नेता तथा कार्यकर्ता र सर्वसाधारण सहभागी हुने दावी समेत गरे ।

उनले आमसभा सफल बनाउन गाउँ गाउँमा प्रचार प्रसार र जिल्लाका १८ वटै स्थानीय तहमा गठित समितीले काम गरिरहेको बताए । उनले आससभा सफल बनाउन गाउँ गाउँमा मोटरसाईकल र्‍याली मार्फत समेत प्रचारात्मक अभियान चलाइएको जानकारी दिए ।

पार्टीका जिल्ला संयोजक चन्देश्वर मण्डल "किसान" ले आमसभामा सहभागी हुन हजारौ जनता आउने भएकोले आमसभा स्थल राजविराजस्थित राजरंगशालाको खेल मैदानमा तोकिएको जानकारी दिए ।

आमसभालाई डा.राउतका साथै पार्टीका बरिष्ठ नेताहरुले सम्बोधन गर्ने र अन्य सम्पुर्ण तयारी पुरा भएको पत्रकार सम्मेलनमा जानकारी गराइएको छ ।

# राज्यमन्त्री डिम्पल झाद्वारा राजीनामा




**दैनिक समाचारदाता**
**राजविराज, १४ माघ ।**

प्रदेश २ की भौतिक पूर्वाधार तथा विकास राज्यमन्त्री डा. डिम्पल कुमारी झाले मंगलबार राज्यमन्त्री पदबाट राजीनामा दिएकी छन् ।

प्रदेश सरकारमा राजपाबाट राज्यमन्त्रीको हैसियतमा सहभागी झाले मंगलबार एक पत्र सार्वजनिक गर्दै राजीनामा गरेको जनाएकी छन् ।

पत्रमा लेखिएको छ, 'प्रदेश सरकारमा राज्यमन्त्रीको हैसियत, पदिय मर्यादा, पदको प्रतिष्ठा जोगाउन लामो समयदेखिको मेरो प्रयासका बाबजुद पनि स्थिति अनुकुल हुने अवस्था नरहेकाले राज्यमन्त्री पदबाट राजीनामा गरेको छु ।'

**बुध्द एयरको दैनिक उडान अब राजविराजबाट पनि यही माघ १८, फेब्रअरी १ देखि**




बुध्द एयरको वेवसाईट buddhaair.com तथा मोबाईल एपबाट उडानको समय, तालिका, भाडादर हेर्न र सजिलैसँग टिकट खरिद गर्न सकिन्छ ।

थप जानकारीका लागि
गजेन्द्र नारायण सिंह अस्पतालको दक्षिण गेट अगाडी, राजविराज
फोन नं. : 031-522408/09

# डोम र अनाथ बालबालिकालाई न्यानो कपडा




**दैनिक समाचारदाता**
**राजविराज, १४ माघ ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिकास्थित डोम बस्तिका बृद्धबृद्धा र अनाथ बालबालिकालाई सामाजिक संस्था धर्मी हल्फा महिला विकास क्लबले कम्बल लगायत न्यानो कपडा बितरण गरेको छ ।

छिन्नमस्ता गाउँपालिका वडा नं. ३ र ४ का अनाथ बालबालिका

*बाँकी अन्तिम पृष्ठमा*




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit | WESTERN UNION MONEY TRANSFER | Best Remit | Prabhu Money Transfer | City Express | IME International Money Express | IME pay | himal remit | CG Money | MoneyGram money transfer

## सम्पादकीय ....

# कुनै पनि वहानामा विश्वासघात गर्नुहुँदैन

समय चक्रसँगै अहिले मुलुकको राजनीतिक बित्तमा पुनः केही उथलपुथलको संकेत देखा पर्दै गइरहेको छ । विगतको दुई वर्षको अवधीमा मुलुकमा राजनीतिक बित्त केही शान्त रहेको अवस्थामा अहिले पुनः राजनीतिक महोल तातिएको छ । हालै सम्पन्न राष्ट्रिय सभाको निर्वाचनका क्रममा देखीएका केही राजनीतिक ध्रुबिकरणले सो महोल तातिएको हो । कुनै बेला नेकपा र राजपा आमने सामने रहेकोले सम्पन्न राष्ट्रिय सभाको निर्वाचनमा गरिएको साँठगाँठले प्रदेश २ को राजनीतिकदेखी केन्द्रको राजनीति समेतमा केही उथलपुथलको संकेत देखिएको छ ।

विगत १८ महिनासम्म समाजवादी पार्टीले केन्द्रिय सरकारमा रहेर मुलुकको राजनीतिमा होमिएको बेला अचानक राष्ट्रिय सभा निर्वाचनको मुखमा सरकार बाहिर हुनु र राजपासँग केन्द्रिय सरकारको साँठगाँठ हुनुले अर्थपूर्ण रुपमा देखिन्छ । यसैबीच प्रदेश २ सरकारमा रहेका समाजवादी पार्टीका केही मन्त्रीहरुको बोलिका कारण र त्यसमा राजपाका नेताहरुको प्रष्टोक्तिलाई अर्थपूर्ण रुपमा हेरिएको छ ।

यता प्रदेश २ का जनताले दिएको जनमतको कदर गर्दै समाजवादी र राजपाले वर्तमान सरकारलाई नै निरन्तरता दिनुपर्ने राजनीतिक विश्लेषहरुको भनाई छ । तसर्थ कुनै पनि पार्टीले शाषण सत्ता चलाउनु भनेको जनताको जनमतको कदर गर्दै उनीहरुको विश्वासलाई कुनै पनि वहानामा खेर जान नदिनु आवश्यक रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

# पर्यटकलाई पृथकरुपमा नेपालीपनको आभाष दिलाऔं



**निमिष झा**

नेपाल भ्रमण वर्ष २०२० औपचारिक रूपमा प्रारम्भ भइसकेको छ । २०२० लाई नेपाल भ्रमण वर्ष मनाएर २० लाख पर्यटक भित्रयाउने लक्ष्य रहेको छ । सरकारको यो ठूलो महत्वाकांक्षी अभियानमा भने आन्तरिक पर्यटन विकास उदासिन देखिएको छ ।

राष्ट्रिय अर्थतन्त्रमा आन्तरिक पर्यटनको कस्तो योगदान रहदै आएको छ, यसका सम्भावना र चुनौती के के हुन प्राथमिकताका साथ यसको सुक्ष्म अध्ययन, विश्लेषण गरेको देखिदैन् ।

देशभरी घुम्नपर्ने ठाउँहरूको नाम सार्वजनिक गर्नु, त्यस ठाउँमा जानका लागि हवाई र सडक मार्गको जानकारी संकलन गर्नु, विभिन्न देशहरूमा भ्रमण वर्षको विषयमा केन्द्रित भई मेला, उत्सव, महोत्सवहरूको आयोजना गर्नु, बासस्थानको लागि होटेल, लजको व्यवस्था कस्तो छ भनेर होटेर व्यवयासीहरूसँग छलफल गर्नु, विभिन्न निजी क्षेत्रलाई पनि समेटेर अगाडि बढ्ने योजना बनाउनु जस्ता काम भ्रमण वर्षलाई लक्षित गरी पर्यटन मन्त्रालय र भिजिट नेपाल बर्ष संस्थाले गर्दै आएको छ । के यतिले भ्रमण वर्षको लक्ष्य भेट्टाउन सकिएका ल त ?

प्राकृतिक सम्पदाले भरिपूर्ण, धार्मिक र ऐतिहासिक सभ्यताले सम्पन्न रहेको नेपालमा विश्वका धेरै देशहरूबाट पर्यटकहरू आउने गरेका छन् । मुख्यतः मनोरञ्जनका लागि पर्यटकहरू यहाँ आएता पनि धार्मिक र ऐतिहासिक स्थलहरूको बारेमा जानकारी लिन, राजनीतिक व्यवस्थामा भएको परिवर्तनको विषयमा बुझ्न, खोज तथा अनुसन्धानको गर्नका साथै हाम्रो संस्कृति र पुरात्ताविक वस्तुहरूलाई हेर्नको लागि बढी पर्यटन आउने गरेका हुन । प्राकृतिक सम्पदाले भरिपूर्ण, धार्मिक र ऐतिहासिक सभ्यताले सम्पन्न रहेको नेपालमा विश्वका धेरै देशहरूबाट पर्यटकहरू आउने गरेका छन् ।

संघीय व्यवस्था अपनाइसकेको हाम्रो मुलकले स्थानीय, प्रदेश र संघीय सरकारको समन्वयमा पर्यटन क्षेत्रको विकास गर्न सक्ने हो भने त्यसबाट देश विकासका लागि आधार तय हुन सक्ने निश्चित छ ।

मधेश र विशेष गरी प्रदेश २ पर्यटकीय स्थलहरू र पर्यटनका सम्भावनाहरूको धनी क्षेत्र हो । झापादेखि कञ्चनपुरसम्म दर्जनौं चर्चित पर्यटकीय स्थलहरू रहेका छन् । हिमाली तथा पहाडी जिल्लामा पर्यटन व्यवसायबाट स्थानीय जनताले राम्रो आम्दानी गर्न थालिसकेको परिप्रेक्षमा मधेशमा त्यो संस्कृतिको अझ राम्ररी विकास हुन सकेको पाइदैन । घुम्न आएका पर्यटकलाई आफ्नो ठाउँमा कसरी टिकाउने र उनीहरूलाई मनोरञ्जन दिएर कसरी आफ्नै ठाउँमा खर्च गर्न लगाउने भन्ने विषयमा न त स्थानीय जनताले सोचेको पाईन्छ न पर्यटन प्रवर्द्धनका लागि प्रदेश सरकारले नै ठोस कदम चालेको देखिन्छ ।

प्रदेश २ मा पर्ने जनकपुर धार्मिक हिसाबले महत्वपूर्ण पर्यटकीय स्थान हो । भारतबाट मात्र हजारौं पर्यटक यहाँ आउने गरेका छन् । उनीहरूलाई जनकपुर लगायत प्रदेश २ का अन्य स्थानहरू घुमाउन सकेमा यहाँ पर्यटकलाई २ दिन टिकाउन सकिन्छ तर उनीहरू बिहान आएर बेलुका फकर्ने गरेको पाईन्छ । जनकपुरमा बासस्थानको मुख्य समस्या रहेको देखिन्छ । आफूले खाजेको जस्तो होटेल, लजको व्यवस्था नहुने भएपछि अधिकांश पर्यटकहरू त्यहाँ नबसी अयन्त्र ठाउँमा जाने गरेका छन् । जनकपुर बाहेक प्रदेश २ को बाराको गढीमाई मन्दिर, रौतहटको शिवनगर मन्दिर, बडेवाताल, राजदेवी मन्दिर, छिन्नामस्ता, जलेश्वर मन्दिर जस्ता धेरै धार्मिक स्थलहरू यहाँ रहेका छन् । प्रदेश २ सरकारले धार्मिक पर्यटनलाई मात्र प्रबर्द्धन गर्न सक्ने हो भने यो प्रदेश एउटा नमुना प्रदेशको रूपमा विकास हुनसक्छ तर यो क्षेत्रको विकासका लागि न संघीय सरकारले ध्यान दिएको पाईन्छ न प्रदेश सरकारले नै ध्यान दिएको छ ।

ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्तित्वक दस्तावेजले बाराको सिम्रौनगढलाई इतिहासको खुल्ला संग्रहालयको रूपमा लिने गरिएको छ । बलि नचढाइने संसारकै एकमात्र हिन्दु धर्मावलम्बीको शक्तिपीठको नामले परिचित कंकाली मन्दिर यसै क्षेत्रमा पर्छ । १२ औं शताव्दीमा तत्कालीन राजा शिवसिंहद्वारा निर्माण गरिएको महत्वपूर्ण राष्ट्रिय सम्पदा रानीबास मन्दिरले पनि आफ्नो छुट्टै पहिचान बोकेको छ । राष्ट्रकै सबभन्दा ठूलो पोखरा '५२ बिघा झरौखर पोखरा'ले पनि यसलाई थप रौनकता प्रदान गरेको छ । यस नगरकै हरिहरपुरमा अवस्थित एक विशाल पत्थरको बाकसको आफ्नै रहस्यमय सन्दर्भ छ । यस्तो ऐतिहासिक स्थल सिम्रौनगढलाई प्रदेश २ सरकारले राजनीतिक गर्ने थलोको रूपमा प्रयोग मात्र गर्ने गरिन्छ । पर्यटन वर्ष २०२० लाई ध्यानमा राखेर पर्यटन बोर्डले कात्तिकमा सार्वजनिक गरेको घुम्नैपर्ने स्थानहरूको सूचीमा सिम्रौनगढ पनि पर्दछ । सिम्रौनगढ जस्तो ऐतिहासिक ठाउँको विकास र प्रचारप्रसारमा कुनै कमि हुन दिनुहुँदैन ।

लहानमा रहेको फुलबारीमा एउटा यस्तो फुल छ जुन वैशाख १ गते मात्र फुल्ने गर्छ र त्यो दिन त्यहाँ ठूलो मेला लाग्ने गर्छ त्यो ठाउँको प्रचारप्रसार कहिल्यै भएको सुनिदैंन । यदि त्यो ठाउँको प्रचार हुने हो भने मधेशको पर्यटनको लागि एउटा कोशेढुंगा सावित हुनसक्छ । त्यही सप्तरीमा रहेको स्वम्भुनाथमा रहेको शिवको मुर्ती दिनानुदिन बढ्दै जान्छ भन्ने पनि किम्बदन्ती रहेको छ । त्यहाँ वैशाखको पहिलो सातादेखि एक महिना मेला लाग्छ ।

मधेशमा यस्ता धेरै स्थानहरू रहेका छन् जसको आजसम्म न कुनै प्रचारप्रसार भएको छ घुम्न चाहनेहरूले आफैं खोजेर वा आफन्तको सहायताले त्यस्ता ठाउँहरू पुग्ने गर्छन् । मधेशमा यस्ता धेरै पर्यटकीय स्थलहरू छन् जो पर्यटकको पर्खाइमा बर्षौदेखि बसिरहेका छन् अब त्यस्ता पर्यटकीय स्थनाहरूको खोजी गर्ने समय आएको छ । प्रचारप्रसारमा ध्यान दिने र पूर्वाधार विकासमा केही पहल गर्ने हो भने मधेशका पर्यटकीय स्थानहरूले नेपाल भ्रमण वर्ष २०२० मा ठूलो योगदान दिनसक्छ ।

प्रदेश २ ले आफूसँग भएको पर्यटकीय प्रचूरतालाई पनि ध्यान दिने हो भने यसबाट मनग्यै लाभ र फाइदा लिन सक्छ । अब 'अतिथि देवो भव'को मन्त्र जपेर मात्र नेपालमा पर्यटक भित्रिने छैनन् । हामी सबैले आफ्नो दैनिक व्यवहारमा पर्यटकलाई पृथक रूपमा नेपालीपनको सेवा दिने शैलीमा परिवर्तन गर्न जरूरी छ । अब हामीले पर्यटनको पनि संघीय संरचना तयार गर्न सक्नुपर्छ । यसमा जति ढिलाइ हुन्छ, क्षेत्रीय तथा विश्व प्रतिस्पर्धाबाट हामी त्यति नै पछि पर्न सक्छौं । *(मधेश दर्पण फिचर सेवा)*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# पत्रकार बन्न परीक्षा दिनुपर्ने

काठमाडौँ, १४ माघ (रासस) ।

पत्रकारिता तथा आमसञ्चार विषयमा अध्ययन गरेका विद्यार्थीले पत्रकारिता पेशा गर्न प्रवेश परीक्षा दिनुपर्ने व्यवस्था गरिने भएको छ ।

नेपाल मिडिया काउन्सिलसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा पत्रकारिता पेशामा नयाँ प्रवेश गर्नेका लागि सो व्यवस्था गरिएको हो । "न्यूनतम व्यावसायिक परीक्षा लिने हो, विश्वविद्यालयबाट पत्रकारिता पढेर आएकै हुन्छन्", सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बाँस्कोटाले भन्नुभयो, "व्यावसायिक पत्रकारिता र आचारसंहिताका विषयमा परीक्षा लिने हो, पेशागत शुद्धताका लागि यसले सहयोग पुऱ्याउनेछ ।"

पत्रकारिता क्षेत्रमा हाल काम गरिरहेकाले भने स्वतः लाइसेन्स पाउनेछन् । नयाँ प्रवेशीका लागि काउन्सिलले पत्रकारिता प्रवेश अनुमतिपत्र ( लाइसेन्स) का लागि जाँच लिनेछ । काउन्सिलले पाठ्यक्रम बनाएर उक्त व्यवस्था तय गर्नेछ ।

सांसद राधेश्याम अधिकारीले इटालीबाहेक अन्य देशमा पत्रकारितामा प्रवेश गर्नेका लागि प्रवेश परीक्षाको व्यवस्था नभएको हुनाले वाक तथा स्वतन्त्रताको विषय भएको हुनाले तत्काल परीक्षा लिने विषयमा सोच्नुपर्ने धारणा राख्नुभएको थियो । सांसद ठगेन्द्रप्रकाश पुरीले डाक्टर, इञ्जिनीयर, शिक्षक, वकिललगायत प्रत्येक क्षेत्रमा काम गर्नुअघि अनुमति लिनुपर्ने व्यवस्था भएकाले पत्रकारिता क्षेत्रको गुणास्तर सुधार गर्ने उद्देश्यले सरोकारवालापक्षसँग छलफल गरेर नै लाइसेन्स परीक्षाको व्यवस्था गरेको स्पष्ट पार्नुभयो ।

काउन्सिलमा अध्यक्षसहित ११ सदस्य हुनेछन् । अध्यक्ष सरकारले नियुक्ति गर्नेछ । प्रत्येक प्रदेशको प्रतिनिधित्व गर्दै कम्तीमा दुई जना महिलासहित सात, पत्रकारिताका प्राध्यापकबाट एक, मन्त्रालयले तोकेको एक र नेपाल पत्रकार महासङ्घका अध्यक्ष पदेन सदस्य रहने विधेयकमा व्यवस्था गरिएको छ ।

काउन्सिलको अध्यक्षका लागि सर्वोच्च अदालतका न्यायाधीश हुन योग्यता पुगेको वा पत्रकारिताका क्षेत्रमा कम्तीमा १५ वर्षको अनुभवसहित विशिष्ट योगदान गरेको हुनुपर्ने व्यवस्था छ । सदस्यमा भने आमसञ्चार क्षेत्रमा कम्तीमा १० वर्ष अनुभव हासिल गरेको र स्नातकसम्मको अध्ययन गरेको हुनुपर्ने व्यवस्था गरिएको छ ।

राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिले केही प्रावधानमा संशोधनसहित सोमबार पास गरेको सो विधेयकमा काउन्सिलले आचारसंहिता उल्लङ्घन गर्नेलाई पहिला सचेत गराउने छ । सचेत गराउँदा पनि नभए पत्रकारको दर्ता प्रमाणपत्र निलम्वन गर्नेछ भने त्यति गर्दा पनि आचारसंहिता उल्लङ्घन गरेमा पत्रकारको दर्ता प्रमाणपत्र खारेज गर्नेछ । पत्रकारलाई चित्त नबुझेमा अदालत जान पाउने व्यवस्था छ । विधेयकमा दण्ड तथा क्षतिपूर्ति दिनसक्ने व्यवस्था हटाइएको छ । समितिमा सभापति पर्शुराममेघी गुरुङले पत्रकारितामा लाइसेन्सको लागि परीक्षा दिनुपर्ने व्यवस्थाले पत्रकारिता पढेका व्यक्तिले प्राथमिकता पाउने र व्यावसायिक पत्रकारिताको अभ्यास हुने बताउनुभयो ।

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# स्वरोजगारले समेत नागरिक लगानी कोषमा रकम जम्मा गर्न पाउने

काठमाडौँ, १४ माघ (राසස)।

स्वरोजगार व्यक्तिले समेत नागरिक लगानी कोषमा आफूले आर्जन गरेको रकमको केही प्रतिशत रकम कट्टी गरी जम्मा गर्न पाउने भएका छन् । सङ्घीय संसद्मा विचाराधीन अवस्थामा रहेको 'नागरिक लगानी कोष ऐन, २०४७ लाई संशोधन गर्न बनेको विधेयक' पारित भई कार्यान्वयनमा आएपछि त्यस्तो व्यवस्था लागू हुने भएको छ ।

त्यस्तो व्यवस्था लागू भएपछि इञ्जिनीयर, चिकित्सक, कानून व्यवसायी, लेखापरीक्षकलगायतका पेशा व्यवसाय गर्ने व्यक्ति वा उनीहरूसँग आबद्ध रहेका अस्थायी वा सेवा करारमा रहेका व्यक्ति तथा अन्य व्यवसाय, रोजगारीबाट आयआर्जन गर्ने तथा वैदेशिक रोजगारीमा संलग्नलाई समेत कोषमा रकम जम्मा गर्न पाउने छन् ।

विद्यमान व्यवस्थामा स्वरोजगार व्यक्तिले कोषमा रकम जम्मा गर्न पाउने व्यवस्था थिएन । सरकारी वा निजी व्यावसायिक प्रतिष्ठानमा कार्यरत कर्मचारीले मात्र कोषमा कोष कट्टी गर्दै आएका छन् । नयाँ व्यवस्थापछि कोषमा स्वरोजगार व्यक्तिले समेत सहजै रकम जम्मा गर्न पाउने छन् ।

नागरिकको सामाजिक सुरक्षाको हकलाई सुरक्षित गर्न तथा निजी क्षेत्रका स्वरोजगारमा रहेका व्यक्तिलाई समेत सामाजिक सुरक्षाको दायरामा ल्याउन त्यस्तो व्यवस्था गर्न लागिएको हो । विशेषगरी वैदेशिक रोजगारीमा गएका युवाले पठाउने विप्रेषण अनुत्पादक क्षेत्रमा खर्च भएको र त्यसले आर्थिक वृद्धिमा कुनै योगदान नगरेको विवरण सार्वजनिक भइरहेको बेला कोषमा रकम जम्मा गर्न पाउने व्यवस्था हुन लागेको हो । यसले कोषको कोष अभिवृद्धि गर्न तथा आर्थिक विकासका लागि समेत मार्गप्रशस्त गर्ने छ । व्यक्तिगत रूपमा समेत कोषमा रकम जम्मा गर्न पाउने व्यवस्थाले नागरिकलाई नै थप सुविधा दिनेछ ।

नेपाल राष्ट्र बैंकले हालै सार्वजनिक गरेको 'नेपालमा विप्रेषण आप्रवाहको स्थिति' विषयक अध्ययनमा समेत विप्रेषणको ठूलो हिस्सा अनुत्पादक क्षेत्रमा खर्च भइरहेको उल्लेख छ । नागरिक लगानी कोषमा वैदेशिक रोजगारीमा जाने व्यक्तिले समेत पैसा जम्मा गर्न पाउने व्यवस्थाले विप्रेषण आयलाई आर्थिक विकासमा लगाउनसमेत मद्दत पुग्ने देखिन्छ । सरकारले प्रस्तुत गरेको 'नागरिक लगानीकोष ऐन, २०४७ लाई संशोधन गर्न बनेको विधेयक' माथि बहस जारी छ । सङ्घीय संसद्को अर्थ समितिमा कोषलाई बढी व्यावसायिक, बढी पारदर्शी एवं लगानीमैत्री कसरी बनाउन सकिन्छ भन्ने विषयमा छलफल जारी रहेको समितिमा सभापति कृष्णप्रसाद दाहालले जानकारी दिनुभयो ।

यस्तै सरकारले कोषलाई पूँजी बजारको लगानी प्रवर्द्धनका लागि परिचालन गर्ने भएको छ । शेयर बजारको विकास र विस्तार गरी 'मार्केट मेकर' को भूमिकामा कोषलाई स्थापित गर्ने लक्ष्यका साथ काम गर्ने योजनामा सरकार रहेको अर्थमन्त्री डा युवराज खतिवडाको भनाइ छ । मन्त्री खतिवडाका अनुसार मार्केट मेकरका लागि सहायक कम्पनी स्थापना गरिनेछ । त्यसले नै पूँजी बजारमा मार्केट मेकरको काम गर्छ । त्यसका लागि कोषको चुक्ता पूँजी रु तीन अर्ब रहने व्यवस्था गरिएको छ । यस्तै जारी पूँजी रु आठ अर्ब रहनेछ ।

नयाँ विधेयकअनुसार कोषमा नेपाल सरकारको २३.३४ प्रतिशत हिस्सा रहनेछ । राष्ट्रिय बीमा संस्थानको ३१.५ प्रतिशत, नेपाल स्टक एक्सचेञ्ज लिमिटेडको १० प्रतिशत, बैंक तथा वित्तीय संस्थाको १५ र सर्वसाधारणको २० प्रतिशत शेयर स्वामित्व रहने प्रस्ताव गरिएको छ ।

लगानीकर्ताको हितका लागि स्थापना गरिएको कोष वाणिज्य बैंकजस्तो नरहेको र ट्रष्टी पनि नभएको अर्थमन्त्री डा खतिवडाको भनाइ छ । कोषले सङ्कलन गरेको रकमको सुरक्षित लगानी गर्ने विषयलाई प्रमुख प्राथमिकता दिएको छ । यस्तै कोषले कुनै कम्पनी वा सङ्गठित संस्थाबाट जारी हुने ऋणपत्रमा लगानी गर्दा मात्रै २५ प्रतिशतसम्म मात्रै लगानी गर्नुपर्ने व्यवस्था नयाँ विधेयकमा गरिएको छ ।

कोषले लगानी गरेको वा कोषबाट लिएको कुनै व्यक्ति वा सङ्गठित संस्थाले कोषलाई कुनै हानिनोक्सानी गरेमा वा कोषलाई तिर्न अटेर गरेमा कानूनबमोजिम कालोसूचीमा राख्न सक्ने व्यवस्था गरिएको छ । कालोसूचीमा राखिएको व्यक्ति सङ्गठित संस्थाले कालोसूचीबाट हटेको दुई वर्षसम्म कुनै ऋण दिने, ठेक्कापट्टा दिने वा हिस्सेदार बनाउने वा कुनै प्रकारको लगानी गर्न नपाउने विधेयकमा व्यवस्था छ । कोषले नेपाल वायु सेवा निगमका जहाज खरिदका लागि रु १२ अर्ब ऋण लगानी गरेको छ । यस्तै कोषमा रकम जम्मा गर्नेलाई विभिन्न प्रकारका सुविधा दिनेका अलावा शेयर बिक्री प्रबन्धकको कामसमेत गर्दै आएको छ ।

# नेपाल प्रवेश गर्ने र बाहिरिने विदेशीको अभिलेख बायोम्याट्रिक प्रणालीमा

काठमाडौँ, १४ माघ (रासस)।

नेपालको अध्यागमन प्रणालीलाई व्यवस्थित र वैज्ञानिक बनाउने उद्देश्यले अध्यागमन विभागबाट विकास गरिएको 'नेपाली पोर्ट' नामक अध्यागमन सूचना प्रणाली एवं भौतिक सुधारसहितको अत्याधुनिक अध्यागमन सेवाको शुभारम्भ गरिएको छ ।

अध्यागमन सूचनाको सुरक्षा संवेदनशीलता र विगतको अनुभवसमेतका आधारमा नेपालमै उपलब्ध विज्ञ र विभागका प्राविधिक सम्मिलित टोलीले एक वर्ष लगाएर विकास गरेको सो नेपाली पोर्टको सोमबार प्रधानमन्त्री केपी शर्मा ओलीले शुभारम्भ गर्नुभयो । अब नेपाल प्रवेश गर्ने र बाहिरिने सबै विदेशीको बायोम्याट्रिक सूचनासमेत अध्यागमन प्रणालीमा रहनेछ जसका कारण कागजात र व्यक्तिको सही पहिचान गर्न सकिनेछ ।

नयाँ प्रणालीमा नेपाल सरकारका सम्बद्ध निकायका सूचना जस्तै राहदानी विभागबाट जारी हुने राहदानी, वैदेशिक रोजगार विभागबाट जारी हुने श्रम स्वीकृति, शिक्षा मन्त्रालयले जारी गर्ने नो अबजेक्सन सर्टिफिकेट (एनओसी) र इन्टरपोल सम्बद्ध सूचना एकआपसमा प्रक्रियाबाटै हेर्न मिल्ने गरी अन्तर आबद्धताको व्यवस्था मिलाइएको छ ।

सोही अवसरमा प्रधानमन्त्री ओलीले मानव बेचबिखन तथा ओसारपसार, लागुऔषध ओसारपसार, सम्पत्ति शुद्धीकरण र सुरक्षा प्रणालीमा प्रतिकूलता ल्याउने गतिविधि नियन्त्रणमा समस्या रहेपनि त्यस्ता गतिविधि रोक्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो । प्रधानमन्त्रीले सरकारले 'समृद्ध नेपाल: सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने उद्देश्यले देशको आर्थिक, सामाजिक र प्रविधिको विकासका निम्ति स्पष्ट नीति र कार्यदिशा अगाडि बढाएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "सरकारले सन् २०२० लाई नेपाल भ्रमण वर्षका रुपमा मनाउने, पर्यटन उद्योगको विकाससँगै पर्यटन र रोजगारी सिर्जना गर्ने र दिगो आर्थिक विकासको लक्ष्यप्राप्ति गर्ने कार्य योजना अघि सारेको छ ।"

सरकारले नेपालको छवि उच्च राख्दै राष्ट्रिय प्राथमिकताका क्षेत्रमा पूर्वाधारको विकास र जनशक्ति विकासमा लगानी गरिरहेको उहाँको भनाइ थियो । प्रधानमन्त्रीले डिजिटल नेपालको निर्माणमा सेवाग्राही मैत्री, विश्वासनीय, सुरक्षित र प्रतिस्पर्धी हुन जरुरी भएको बताउँदै इ-गभरनेन्ससँगै भरपर्दो तथ्याङ्क विकासमा सरकारले उच्च प्राथमिकता दिएको जानकारी दिनुभयो ।

उहाँले सबै तहका सरकारमा सुधारका आयोजना सञ्चालन गरी कार्यान्वयनमा ल्याउन सबैमा अनुरोध गर्दै अब अध्यागमनमा मानवीय क्षमता विकास र व्यवहारमा रुपान्तरणको खाँचो औँल्याउनुभयो ।

"हामीले नेपालको मुख्य प्रवेशद्वारका रुपमा रहेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित अध्यागमन कार्यालयमा विदेशीको नेपाल आगमन, बसाईं र प्रस्थानलाई सरल, सहज, सुरक्षित र सूचना प्रणालीमा आधारित बनाउन तयार पारिएको नेपाली पोर्ट प्रणालीको शुभारम्भ गरेका छौँ, आधुनिक नेपाल निर्माणको दिशामा हामीले हरेक समयमा नयाँ कदम चालिरहेका छौँ, यो पनि एउटा कदम हो", प्रधानमन्त्रीले भन्नुभयो । गृहमन्त्री रामबहादुर थापा 'बादल' ले गृहमन्त्रालय सुरक्षा व्यवस्थापनसँग जोडिएका सबै सुरक्षा निकायमा अत्याधुनिक प्रविधिमार्फत त्रुटिरहित ढङ्गबाट सेवा प्रदान गर्ने कार्यलाई प्राथमिकताका साथ अघि बढाएको जानकारी दिनुभयो ।

# क्रसर उद्योग अनुगमन गर्न समिति गठन

काठमाडौँ, १४ माघ (रासस)।

सरकारले देशभर सञ्चालनमा रहेका क्रसर उद्योग अनुगमन तथा अध्ययन गर्नका लागि पाँच सदस्यीय समिति गठन गरेको छ ।

गृह मन्त्रालयमा सोमबार बसेको पाँच मन्त्रीसहितको बैठकले देशभर सञ्चालनमा रहेका पाँच हजारभन्दा बढी क्रसर उद्योग अनुगमन तथा अध्ययन गर्न पाँचै मन्त्रालयका सहसचिव रहने गरी समिति गठन गरेको छ ।

गृहमन्त्री रामबहादुर थापा, उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्ट, वन तथा वातावरणमन्त्री शक्तिबहादुर बस्नेत, भौतिक पूर्वाधार तथा योजनामन्त्री वसन्तकुमार नेम्वाङ, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री हृदयेश त्रिपाठीसहित सुरक्षा निकायको प्रमुखको बैठकले समिति गठन गरेको हो ।

समितिमा गृह, वन, उद्योग, भौतिक तथा सङ्घीय मामिला मन्त्रालयका सहसचिव रहनेछन् । समितिले क्रसर उद्योग दर्ता, मापदण्ड, पर्यावरण र प्रकृति दोहनबारे अनुगमन र अध्ययन गर्नेछ ।

जथाभावी क्रसर सञ्चालन हुँदा प्रकृति दोहनका कारण ठूलो जनधनको क्षति हुन थालेपछि गृह मन्त्रालयले सम्बन्धित मन्त्रालयलाई बोलाएर समिति गठन गरेको हो । बैठकले क्रसर तथा खानी उद्योग सञ्चालनसम्बन्धी 'राष्ट्रिय मापदण्ड' पारित गराउन सरकारलाई आग्रह गर्ने निर्णय गरेको छ ।

स्थानीय निकायले क्रसर तथा खानी सञ्चालनका लागि जथाभावी इजाजत दिएकाले प्रकृति दोहन बढेपछि मापदण्ड पारित गराउने तयारी गरेको गृह मन्त्रालयले जनाएको छ ।

## विश्व समाचार

# चीनमा १०६ को मृत्यु, चार हजारभन्दा बढी सङ्क्रमित

बेइजिङ, १४ माघ (रासस/सिन्ह्वा)।

चीनमा नोबल कोरोना भाइरसका कारण सोमाबार रातीसम्म मृत्यु हुनेको सङ्ख्या १०६ पुगेको चिनियाँ स्वास्थ्य अधिकारीले जनाएका छन् ।

चीनको करिब ३० ओटा प्रान्तमा झण्डै चार हजार ५१५ जना सङ्क्रमित भएका चिनियाँ राष्ट्रिय स्वास्थ्य आयोगले जानकारी दिएको छ । सङ्क्रमितमध्ये ९७६ जनाको अवस्था गम्भीर रहेको आयोगले जनाएको छ । गत २४ घण्टा यता ७६९ जना नागरिकमा यो भाइरसको सङ्क्रमण देखिएको छ । त्यसैगरी तीन हजार ८०६ जनालाई पनि यसको सङ्क्रमणको आशङ्का गरिएको आयोगले जनाएको छ ।

सोमबार मात्र एक हजार ७७१ मा सो भाइरस भएको पुष्टि भएको र अरु दुई हजार ७७ जना नयाँ संदिग्ध घटना पाइएको समाचारमा जनाइएको छ ।

सोमबार मात्र करिब ६० जना कोरोना भाइरसबाट निको भएर अस्पतालबाट घर फर्किएका पनि उक्त समाचारमा जनाइएको छ । यसअघि पनि यस रोगबाट निको भएका एक हजारभन्दा बढी घर फर्किएका थिए ।

यी सबैलाई विशेष निगरानीमा राखिएको छ । उक्त सङ्क्रमणको उत्पत्ति भएको उहान क्षेत्रमा सरकारले बढी निगरानी राखिरहेको स्वास्थ्य अधिकारीले बताएका छन् ।

सङ्क्रमणको प्रकोप चीनका कम्तीमा ३० प्रान्तमा फैलिएको छ भने कम्तीमा १८ शहरमा निकै डरलाग्दो तरिकाले फैलिएकाले ती सहरमा यातायातका साधन सञ्चालन गर्न प्रतिबन्ध लगाइएको छ ।

ती क्षेत्रमा विभिन्न किसिमले सतर्कता अपनाइएको चीन सरकारले जनाएको छ । सरकारले देशभर हुने उडान, रेल सेवा र अन्य सवारीका साधनको आवतजावतमा निगरानी बढाएको र उच्च सतर्कताका अपनाउन आह्वान गरेको छ ।

मानिसको बढी आवतजावत हुने विमानस्थल, बसपार्क, रेल स्टेशनलगायतमा स्वास्थ्य जाँचको प्रबन्ध मिलाइएको छ भने जङ्गली जनावर र पशु ओसारपसार तथा उपभोगमा कडाई गर्न निर्देशन दिइएको छ ।

सङ्क्रमणले अमेरिका, जापान, दक्षिण कोरिया, ताइवान, हङकङ, मकाउ र थाइल्याण्डमा छोइसकेको बताइन्छ । कोरोना भाइरस युरोपमा पनि फैलिन थालेको छ । फ्रान्समा तीन जनामा कोरोना भाइरस देखिएको पुष्टि भएको छ ।

यस सङ्क्रमणबाट मृत्युको घटना चीनमा मात्रै भएको छ भने त्रास सङ्क्रमित हुने अन्य देशमा पनि भएकाले विश्वभरी नै त्रास फैलिएको छ ।

चिनियाँ अधिकारीले कोरोना भाइरस मानिसबाट मानिसमा सरेको पुष्टि गरिसकेका छन् । यो भाइरस सङ्क्रमण भएपछि खासगरी श्वासप्रश्वाससम्बन्धी समस्या देखिने चिकित्सकको भनाइ छ ।

उनीहरूका अनुसार ज्वरो आउने, खोकी लाग्ने र सास फेर्न गाह्रो हुने यस सङ्क्रमणपछिका लक्षण हुन् । यस भाइरसको सङ्क्रमणपछि शरीरमा अक्सिजनको मात्रा कम हुँदै जाने पनि अर्को एक समस्या हो ।

यसैबीच, संयुक्तराज्य अमेरिकाले मध्यचीनमा घातक भाइरसको केन्द्रमा फसेका अमेरिकी कर्मचारी र नागरिकलाई उद्धार गर्न विशेष विमान सेवा शुरु गर्न लागेको जनाएको छ ।

# मङ्गोलियामा भएको आगलागीमा सोह्रको मृत्यु

उलान बाटोर, १४ माघ (रासस/सिन्हवा)।

मङ्गोलियामा जनवरीको शुरुदेखि हालसम्म ४०० भन्दाबढी आगालागीको घटना भएका जानाइएको छ ।

आगलागनीका ती घटनामा परी १६ व्यक्तिले ज्यान गुमाएका राष्ट्रिय आपतकालीन व्यस्थापन निकाय (नेमा)ले मङ्गलबार जनाएको छ ।

नेमाद्वारा जारी एक विज्ञप्तिमा यस महिनाको सुरूदेखि नै देशभर जम्मा ४१७ आगलागीका घटना भएका र यसमा परी दुई बालबालिकासहित १६ व्यक्तिको मृत्यु भएको छ ।

विद्युत लाइनमा आउने अवरोधका कारण नै प्राय:आगलागीका घटना हुने गरेको आपतकालीन निकायले जानकारी दिएको छ ।

# तालिबानको आक्रमणमा नौ प्रहरी मारिए

पुल ए खुम्री, अफगानिस्तान, १४ माघ (रासस/सिन्ह्वा)।

अफगननिस्तानको उत्तरी प्रान्त बाघलानमा रहेको एक प्रहरी चौकीमा तालिबान लडाकू समूहले गरेको एक आक्रमणमा परी कम्तीमा नौ प्रहरीको मृत्यु भएको छ । सो आक्रमणमा परी अन्य तीन जना बेपत्ता भएका स्थानीय अधिकारीले मङ्गबार जानकारी दिएका छन् ।

प्रान्तीय राजधानी पुल ए खुम्रीको बाहिरी इलाकामा पर्ने बाघलानको समानगान राजमार्गको छेउमा पर्ने खज्जा अल्वानमा सुरक्षा चौकीमा तालिबान लडाकू समूहले सोमबार अबेर राती आक्रमण गरेका थिए । यो घटना तालिबान आतङ्ककारीको समूहले गराएका थिए । त्यसमा परी नौ जना प्रहरीको मृत्यु भएको र तीन अन्य बेपत्ता भएका प्रान्तीय अधिकारीले नाम नबताउने शर्तमा सिन्ह्वा समाचार समितिलाई बताएका छन् ।

झडपमा लडाकू समूहका पनि केही सदस्य हताहत भएको स्रोतले बताएको छ । प्रान्तीय प्रहरीका प्रवक्ता जाविद बेशरतले राति भएको झडपको पुष्टि गर्नुभएको छ । तर पीडितको सही सङ्ख्या कति हो भन्ने बारेमा भने केही बताउनुभएको छैन । उहाँले सो घटनाको अनुसन्धान भइरहेको र थप विवरण पछि मात्र आउने बताउनुभएको छ । सन् २००१ को अन्त्यतिर शासनबाट हटेका तालिबान लडाकूले अफगानिस्तानमा सुरक्षा अधिकारी र सर्वसाधारण नागरिकमाथि बारम्बार आक्रमण गर्दै आएका छन् ।

# सबल नेपालद्वारा बाल क्रिकेटर गोलुलाई खेल सामाग्री प्रदान



**दैनिक समाचारदाता**
**राजविराज, १४ माघ ।**

सप्तरी ११ बर्षिय बाल क्रिकेटर गोलु सिंहलाई सबल नेपालले मंगलबार खेल सामाग्री प्रदान गरेको छ ।

हालै राजबिराजमा सम्पन्न अन्तर बिद्यालय क्रिकेट प्रतियोगितामा उत्कृष्ट प्रर्दशन गरे वापत उनलाई खेल सामाग्रिह प्रदान गरेको सबल नेपालले जनाएको छ ।

सबल नेपालले मुख्य कार्यालय राजबिराजमा आयोजित एक कार्यक्रममा बाल क्रिकेटर गोलु सिंहलाई एक थान ब्याट, एक जोड क स्प्याड, एक जोड ब्याटिंग ग्लब्स, एक थान हेल्मेट, एक थान बल र एक थान गाड प्रदान गरिएको हो ।

सम्पन्न प्रतियोगितामा उत्कृष्ट प्रर्दशन गरि ईमरजिंग प्लेयर समेत बन्न सफल भएको उनको परिवारिक अवस्था समेत न्युन भएकोले हौसला प्रदान गर्न खेल सामाग्री बितरण गरिएको सबल नेपालका अध्यक्ष जुना गिरीले जानकारी दिइन् ।

यता सप्तरी क्रिकेट संघका अध्यक्ष आयुश श्रेष्ठले बाल क्रिकेटर सिंहको आर्थिक अवस्थामा समेत कमजोर रहेकोले सवैले सक्दो सहयोग गर्नु पर्ने जिकिर गरेका छन् ।

सोही कार्यक्रममा पिसि कम्प्युटर राजबिराजका प्रोपराईटर धर्मेन्द्र यादवले समेत एक थान जर्सि सेट प्रदान गरेका छन् ।

सामाग्रि बितरण कार्यक्रममा सबल नेपालका कार्यकारी निर्देशक दिपक कुमार झा, सप्तरी क्रिकेट संघका अध्यक्ष आयुश श्रेष्ठ, सबल नेपालकै परमेश्वर झा र अशोक साह तथा जिल्ला बाल क्लब संजाल सप्तरीका पुर्व अध्यक्ष अमर यादव लगायतको उपस्थिती रहेको थियो ।

बाल क्रिकेटर सिंह राजविराजस्थित केशो अनिरुद्धबत्ति माध्यमिक बिद्यालयमा कक्षा ४ मा अध्यनरत छन । उनका बाबु छैनन् भने आमा एक निजि बिद्यालयमा कार्यालय सहयोगीको रुपमा कार्यरत छिन ।

## *डोम र अनाथ ...*

र बृद्धबृद्धाहरुलाई चिसोबाट जोगिन सामाजिक क्षेत्रमा क्रियशिल क्लबले हेल्प नेपाल नामक संस्थाको सहयोगमा १७ डोम समुदायका बृद्धबृद्धा, बालबालिका र १९ अनाथ बालबालिका गरि ३६ जनालाई कम्बल र न्यानो लुगा बितरण गरेको हो ।

न्यानो लुगा र कम्बल पाउने अधिकांश बालबालिका लगाउने लुगा समेत नभएर चिसोमा पनि कष्ठकर जिवन बिताउन बाध्य थिए । ती बस्तिमै पुगेर डोम समुदाय तथा अनाथ बालबालिकालाई राहत स्वरुप न्यानो लुगा र कम्बल बितरण गरिएको क्लबका अध्यक्ष ई सूर्यनारायण यादवले बताए ।

विगत एक महिनादेखी आगलागि, बाढी, हुरी लगायतका विपतबाट पीडित भएकाहरुको बस्तिमै पुगि राहत सहयोग प्रदान गर्दै आएको सो संस्थाले आउँदो दिनमा समेत थप गरिब, असाहय, अनाथ बालबालिकाको पहिचान गरि सहयोग गर्ने क्लबका अध्यक्ष यादवले प्रतिबद्धता जनाए ।

# आगामी चैतभित्र प्रदेश नं १ मा सुर्तीजन्य पदार्थ नियन्त्रण हुने

विराटनगर, १४ माघ (रासस) ।

प्रदेश नं १ मा सुर्तीजन्य पदार्थलाई पूर्णरूपमा नियन्त्रण गर्न सामाजिक विकास मन्त्रालयले अभियान शुरुआत गरेको छ ।

प्रदेश नं १ का मुख्यमन्त्री शेरधन राईले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयद्वारा मंगलबार यहाँ आयोजित कार्यक्रममा 'ब्यानर वाचन' गरी अभियानको शुभारम्भ गर्नुभयो । 'सुर्तीजन्य पदार्थ होइन, स्वस्थ जीवन रोजौँ' प्रमुख नाराका साथ शुरु भएको सो अभियानअन्तर्गत आगामी चैत मसान्तभित्र प्रदेशमा सुर्तीजन्य पदार्थ पूर्णरूपमा नियन्त्रण गर्ने मन्त्रालयले जनाएको छ ।

सरकारी कार्यालयको १०० मिटरमा सो पदार्थ बिक्री वितरण गर्न निषेध गरिएको र यही माघ महिनाभित्रमा विराटनगर महानगरपालिका क्षेत्रभित्र पर्ने शैक्षिक संस्था, अस्पताल र सार्वजनिक स्थानमा नियम लागू गरिसक्ने महानगरपालिका प्रमुख भीम पराजुलीले जानकारी दिनुभयो ।'सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन २०६८'का प्रावधान कार्यान्वयनमा ल्याइएको छ ।

सामाजिक विकासमन्त्री जीवन घिमिरेले सुर्तीजन्य पदार्थ सेवनले मानिसलाई लाभभन्दा पनि हानि बढी गर्ने भएकाले यसतर्फ सेवनकर्ता चनाखो हुनुपर्ने बताउनुभयो ।अभियानले प्रदेश नं १ का सबै मन्त्रालयमा सुर्तीजन्य पदार्थविरुद्धको ब्यानर टास्ने काम सम्पन्न गरेको छ ।

# विद्यार्थीको हात भाँच्ने शिक्षक पक्राउ

**दैनिक समाचारदाता**
**सिरहा, १४ माघ ।**

विद्यार्थीको हात भाँच्ने एक शिक्षकलाई प्रहरीले पक्राउ गरेको छ ।

गृहकार्य नगरेको भन्दै गृहकार्य नगरेको भन्दै सिरहा नगरपालिका २ निवासी १२ वर्षीय रितिक यादवलाई कुटपिट गरी हात भाँचिदिएका पाठशालाका शिक्षक ताराबहादुर कार्कीलाई प्रहरीले पक्राउ गरेको हो ।

कुटपिटबाट रितिकको बायाँ हात भाँचिएकाले शिक्षक कार्कीलाई पक्राउ गरिएको इलाका प्रहरी कार्यालय मिर्चैयाले जनाएको छ ।


नेपाल-भारत सहयोग
INDIAN EMBASSY SUPPORT




एम्बुलेन्स चाहिएमा सम्पर्क गर्नुहोस् ।
राष्ट्रिय सामुदायिक विकास केन्द्र, नेपाल
राजगढ-४, वेल्ही चपेना, सप्तरी
सम्पर्क नं: ९८२९७२९१५५, ९८२७७६०८१७


दुग्ध विकाश बोर्डको मापदण्ड अनुसार उत्पादित



छिन्नमस्ता डेरी उद्योग
सिरहा रोड, राजविराज ७, खरसाल टोल
मोबाइल नं. : ९८०१५२८०१९, फोन नं. : ०३१-५२२३२७



हाम्रो सेवाहरु : जन्मदेखि मृत्युसम्म नभई नहुने अमृत घ्यू, क्रिम दुध, दही, पनिर, खुवा, प्रशोधित दुधहरु पाइन्छ ।



नोट :- विवाह, भोज, उत्सव लगायतको अवसरमा अर्डर बमोजिम दुध जन्य सामग्री उपलब्ध गराइने छ । २४ औं घण्टा काउण्टर खुला रहनेछ ।

स्वर्ण अवसर ! स्वर्ण अवसर !! स्वर्ण अवसर !!!
के तपाई राजविराजमा राम्रो गर्ल्स होस्टलको खोजीमा हुनुहुन्छ । यदि हुनुहुन्छ भने तपाईको घर देखि टाढा तर घर जस्तै सुविधा भएको "स्टुडेन्ट गर्ल्स होस्टललाई" सम्झनुहोस् ।
सम्पर्क
स्टुडेन्ट गर्ल्स होस्टल राजविराज-७, सप्तरी
(सिडियो कार्यालय देखि ५० मिटर पश्चिम)
फोन नं.- ०३१-५२१७९३, मो.-९८५२८२११९३
९८०१५२१७९३

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money CHAUDHARY GROUP


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*